# सहकारी संघ/संस्था सुदृढीकरण तथा व्यवसाय प्रवर्द्धन
# राष्ट्रिय कार्यशाला गोष्ठी
# २०७४ पौष २१ र २२ गते, काठमाडौं

# घोषणा-पत्र

सहकारी मार्फत समृद्ध समाज निर्माण गर्ने अभिप्रायले शुरु भएको सहकारी अभियानले आमसमुदायको आर्थिक उत्थान, सामाजिक शशक्तिकरण,रोजगार सिर्जना तथा गरिवी न्यूनीकरणमा उल्लेख्य योगदान पुऱ्याउदै आएको फलस्वरुप नेपालको संविधान, २०७२ मा सार्वजनिक, निजी र सहकारी क्षेत्रको सहभागिता र विकास मार्फत आर्थिक विकास गर्ने राज्यको नीति रहेको छ । नेपाल समेत विश्व सहकारी अभियानको साझा प्रतिवद्दता अनुरुप दिगो विकास लक्ष्य २०३० हासिल गर्न सहकारी क्षेत्रको योगदानलाई अझ वृद्धि गर्दै यस क्षेत्रको गुणात्मक विकासका लागि गोष्ठीका हामी सवै सहभागीहरू अभियानप्रति प्रतिवद्ध हुदैं यो **"काठमाडौं घोषणा पत्र, २०७४"** जारी गर्दछौं ।

१) सहकारीका मूल्य मान्यता र सिद्धान्तको परिपालन गर्दै स्वनियमन र व्यवसायिक नेतृत्व विकास गरी सुशासित सहकारी संघ संस्थाको विकासका लागि प्रतिवद्ध छौं ।

२) नेपालको संविधान, २०७२ ले परिकल्पना गरे अनुरूप सहकारी अभियानलाई सवल र सक्षम वनाउन सहकारी ऐन २०७४ को परिपालनामा प्रतिवद्ध रहँदै सहकारी मैत्री नभएका दफाहरु नेतृत्वदायी निकायहरुको सहकार्यमा परिमार्जन गर्न र सहकारी मैत्री नियमावली तर्जूमा गर्न नेपाल सरकार समक्ष जोडदार माग गर्दछौं ।

३) सहकारीको प्रवर्द्धन र सुदृढिकरणका लागि सहकारी संघ संस्थाहरुसंग समन्वयकारी भूमिका निर्वाह गरी सहकारी मैत्री कानून निर्माण गर्न स्थानीय, प्रदेश र संघीय सरकार समक्ष आव्हान गर्दछौं ।

४) सन् २०३० सम्मको दिगो विकासका सवै लक्ष्यहरु प्राप्तिका लागि नेपालको सहकारी अभियानको योगदानलाई वृद्धि गर्न रणनीतिक योजनाका साथ स्थानीय तथा नविन प्रविधिहरुको प्रयोग/विस्तार, उद्यमशिलता तथा क्षमता विकास र सामाजिक सुरक्षा योजना मार्फत उत्पादन वृद्धि तथा सेवाको विविधिकरण गर्दै स्वरोजगार सिर्जना गरी गरीवी न्यूनिकरण गर्न प्रतिवद्ध छौं ।

५) सहकारी विधि र प्रक्रिया वमोजीम महिला तथा यूवाहरुको सहभागिता सुनिश्चितता तथा आर्थिक सामाजिक सवलीकरणका लागि आवश्यक नीति नियम परिमार्जन गरी कार्यान्वयन गर्न प्रतिवद्ध छौं ।

६) सहकारीका उत्पादन, प्रशोधन, वजारीकरण तथा सेवाहरुको व्यवसायिक विकासका लागि सहकारी संस्था र संघहरुको भूमिकालाई सवल तुल्याउन प्रयत्नशिल रहनेछौं ।

७) सहकारी क्षेत्रको योगदानलाई वृद्धि गरी आर्थिक, सामाजिक सम्मृद्धिको यात्रामा सहकार्य गर्न सवै सरोकारवाला निकायहरू वीच समन्वय गर्ने गराउने प्रतिवद्धता जाहेर गर्दछौं ।

२०७४ पौष २२ गते शनिवार